घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : ३) जोमसोम, असार २४ गते, २०७९ साल (संख्या : ५)

भाग २

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम घरपझोङ गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ

## घरपझोङ गाउँपालिकाको परम्परागत उपचारकको सूचिकरण मापदण्ड, २०७९

प्रस्तावनाः स्वास्थ्य सेवाको संस्थागत विकास हुनुपूर्व नेपाली समाजमा स्वास्थ्य समस्याहरुको समाधानको लागि परम्परागत रुपमा चलिआएका विभिन्न स्वास्थ्य उपचार पद्धति परम्परामा नै निर्भर रहने गर्दथ्यो । परम्परागत चिकित्सा पद्धति कला, संस्कृति, धर्म र जाति विशेषसंग अभिन्न रुपमा जोडिएको हुन्छ भने क्षेत्र अनुसार फरक फरक हुने गर्दछ । तसर्थः परम्परागत उपचारको पहिचान गरी त्यस्ता उपचारलाई सूचिकृत गराउँन र नियमन व्यवस्थापन एंव जवाफदेही बनाउनको लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २२ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो मापदण्ड जारी गरेकोछ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भः</u>(१) यो मापदण्डको नाम "परम्परागत उपचारकको सूचिकरण मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "उपचार" भन्नाले परम्परागत उपचारकले प्रदान गर्ने सेवा सम्झनुपर्दछ ।

(ख) "परम्परागत उपचारक" भन्नाले आफ्नो पूर्खा वा गुरुकुल प्रथा अनुरुपको ज्ञान, सीप, प्रविधि, अनुभव हासिल गरेको आधारमा रोगी जाँचेर रोगको कारण, प्रकृति र अवस्था हेरी प्राकृतिक रुपमा स्थानीयस्तरमा

उपलव्ध विभिन्न जडीबुटीहरु, खनिज द्रव्यहरु, जन्तु द्रव्यहरु प्रयोग गरी वा त्यस्ता द्रव्यहरु प्रशोधन गरेर घरमा नै बसेर उपचार गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ग) "परम्परागत उपचारक ज्ञान" भन्नाले लिखित, मौखिक वा अन्य रुपहरुमा पुस्तौपुस्तादेखि निरन्तर रुपमा पुस्ताहरुमा हस्तान्तरण भएको गतिशील र व्यक्तिगत वा सामुहिक रुपमा संरक्षण, अभ्यास एवं विकास गरिएको साँस्कृतिक ज्ञान, सीप, प्रविधि, नवविचार, प्रथाहरु, शिक्षा, औषधी निर्माण विधि वा उपचार विधि सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या सम्बन्धी हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले घरपझोङ गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(छ) "विभाग" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग सम्झनु पर्छ।

(ज) "सांस्कृतिक ज्ञान" भन्नाले ऐतिहासिक पृष्ठभूमि भएको, अरुभन्दा भिन्न, आफ्नो क्षेत्रमा निरन्तर विकासित भई भविष्यका पुस्ताहरुलाई हस्तान्तरण गर्दै, सांस्कृति ढाँचामा कार्यरत भएको ज्ञान/ज्ञानका धारकलाई बुझाउँदछ ।

**३. उद्देश्यः** मापदण्डको उद्देश्य देहाय बमोजिमको रहेको छ;

(क) परम्परागत उपचार ज्ञान, सांस्कृतिक ज्ञान तथा परम्परागत उपचारकहरुको पहिचान, वर्गीकरण र तथ्याङ्क संकलन गर्ने ।

(ख) परम्परागत रुपमा उपचार वा स्वास्थ्य सेवा दिई रहेका योग्य र सक्षम उपचारकहरुलाई उनीहरुको योग्यता, क्षमता र भौगोलिक एवं बिषयगत क्षेत्रको आधारमा वर्गीकृत गरी सूची तयार गरी उनीहरुको सीमा निर्धारण गर्ने ।

(ग) सूचीकृत उपचारकहरुले तोकिएको सीमा भित्र रहेर कार्य गर्ने, सो अनुरुप नगर्ने व्यक्तिहरुलाई निरुत्साहित र दण्डित गर्ने आधार तयार गर्ने ।

(घ) परम्परागत उपचारकहरुको मापदण्डमा गाउँपालिकामा एकरुपता ल्याउने ।

(ङ) परम्परागत उपचारकहरुको ज्ञान, सीप, प्रविधिको अभिलेखिकरण र संरक्षणमा मद्दत पुऱ्याउने ।

(च) परम्परागत उपचारकसँग रहेको ज्ञान, सीप, प्रविधिको अभिलेख तयार गर्ने, प्रमाणिकसरण गर्ने र त्यसलाई संरक्षण, प्रवर्द्धन, विकास र विस्तार गर्ने ।

(छ) परम्परागत उपचारकहरुको बौद्धिक सम्पतिको अधिकार संरक्षण गर्ने ।

(ज) परम्परागत उपचारकहरुको पेशा व्यवसायको संरक्षण र ज्ञान/सीप/प्रविधिलाई प्रोत्साहन गर्ने ।

(झ) परम्परागत उपचार सम्बन्धी अध्ययन अनुसन्धानमा टेवा पुऱ्याउने ।

४. **<u>परम्परागत उपचारकका प्रकार:</u>** परम्परागत उपचारकहरुको प्रकार देहाय बमोजिम हुनेछः

**(क) जडिबुटी उपचारक**

- परम्परागत आयुर्वेद उपचारक
- स्थानीय उपचारक
- आम्ची

**(ख) अध्यात्मिक उपचारक**

- ज्योतिष
- धामी झाक्री
- झारफुके
- जान्ने मान्छे
- पण्डित/लामा/पुजारी/गुभाजु/गुरुवा इत्यादी

५. **<u>परम्परागत उपचारकहरुको पहिचानः</u>** (१)परम्परागत उपचारकहरुको पहिचानको आधार देहाय बमोजिम हुनेछः

(क) कम्तीमा १५ बर्षसम्म पुर्खा वा गुरुको समीपमा रहेर उपचार सम्बन्धी ज्ञान आर्जन गरेपछि निश्चित स्थान वा क्षेत्रमा रही निश्चित जडिबुटी वा स्रोत साधनको प्रयोग री खास रोगको उपचारमा संलग्न भएको हुनुपर्ने ।

(ख) परम्परागत उपचार पेशालाई प्रमुख व्यवसायको रुपमा अपनाउँदै आएको हुनुपर्ने ।

(ग) उपचार गर्ने रोगको कारण र लक्षण सम्बन्धी स्पष्ट ज्ञान हुनुको साथै जडीबुटी वा साधन-सामाग्री प्रयोग गर्ने भएमा सो प्राप्त हुने स्थान र स्रोत सहित परिचय, गुण, कर्म, संकलन विधि र समय, प्रशोधन, भण्डारण, संरक्षण, आपूर्ति तथा उपयोग सम्बन्धी यथार्थ ज्ञान भएको हुनुपर्ने ।

(घ) जडिबुटीबाट औषधी निर्माण गरी प्रयोग गर्नेका हकमा निर्माण विधि जानेको, स्थानीय स्रोत साधनको प्रयोग गरी आफै औषधी निर्माण गरी स्वास्थ्य सेवा प्रवाह गरेको हुनुपर्ने ।

(ङ) अरुले निर्माण गरको तथा बजारमा तयारी अवस्थामा ईने विभिन्न कम्पनीका शास्त्रीय वा पेटेण्ट औषधीहरु, आधुनिक प्रविधि वा ज्ञान, सीपको प्रयोग गरी बनाइएका औषधीहरुको प्रयोग गर्न नपाइने ।

६. **परम्परागत उपचारकको वर्गीकरणः** शिक्षा वा ज्ञान, सीप, प्रविधिको अनुभव ग्रहण गरेको परम्पराका आधारमा परम्परागत उपचारक देहाय बमोजिम दुई प्रकारका हुनेछन्:

(क) वंश परम्परागत उपचारकः कम्तिमा तीनपुस्तासम्म उपचार प्रदान गर्ने कार्यमा संलग्न रहदै आएको वंश परम्परा भएको परिवारमा आफ्नो परिवारका अग्रजबाट त्यस सम्बन्धी निश्चित ज्ञान, सीप र प्रविधि आर्जन गरी बालिग भएपछि निरन्तर रुपमा सोही बमोजिमको स्वास्थ्य सेवा दिने कार्य कम्तिमा १० बर्षदेखि गर्दै आएको ।

(ख) गुरुशिष्य परम्परागत उपचारकः मापदण्डमा उल्लेख भए अनुसारको योग्यता र क्षमता भएका गुरुको सानिध्यमा बालिग भएपछि कम्तिमा १० बर्षदेखि रोगको निदान र उपचार सम्बन्धी ज्ञान, सीप, प्रविधि आर्जन गरेका र अनुभव हासिल गरेको ।

७. **परम्परागत उपचारकहरुको सूचीकरणः** गाउँपालिकाले परम्परागत उपचारकहरुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिम विवरण लिई सूचीकृत गर्न सकिनेछ ।

८. **आवश्यक कागजातः** परम्परागत उपचारकको सूचीकरणका लागि दिइने आवेदन साथ देहाय बमोजिम कागजातहरु संलग्न गर्नुपर्नेछः

(क) नागरिकता प्रमाणपत्रको छायाँप्रति,

(ख) स्थानीय वडा कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा गरेको सिफारिस,

(ग) दरखास्तदाता उपचारकको वर्ग वा समूह अनुसार प्रचलित कानून बमोजिम दर्ता भएका संघ वा सम्बन्धित व्यवसायिक संगठनबाट प्राप्त सिफारिसको सक्कल कागतजात ।

(घ) परम्परागत उपचारकको रुपमा काम गरेको प्रमाणित हुने कागतजात,

(ङ) उपचार विधि र जडिबुटी सम्बन्धि स्वयम् प्रमाणित ढाँचा ।

(२) यस दफा बमोजिम सूचिकृत गरेपछि दिईने सूचिकृत पत्रको ढाँचा अनुसूची-३ बमोजम हुनेछ ।

(३) सूचिकृत हुने उपचारकले प्रत्येक आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र नविकरण गर्नु पर्नेछ, सूचिकरण गर्न र नविकरण गर्नको लागि गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर तिर्नु पर्नेछ ।

९. **परम्परागत उपचारकको काम, कर्तव्य र अधिकारः** परम्परागत उपचारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जडीबुटी द्रव्यको संकलन प्रविधि, प्राप्ति स्थान र निर्माण प्रक्रियाको लगत राख्नुपर्नेछ,

(ख) आफूले उपचार गरेको विरामीको लक्षण, अवस्था, सेवा र औषधीको मात्रा सहितको समग्र रेकर्ड स्पष्ट रुपमा राख्नपर्नेछ ,

(ग) आफूलाई आवश्यक औषधी आफैले निर्माण गर्ने, गर्न सक्ने तर बजारमा बिक्री वितरण गर्न पाइनेछैन,

(घ) जडिबुटी राम्ररी पहिचान गर्ने सक्ने तथा त्यस्ता जडिबुटीबाट घरेलु स्तरमा औषधी निर्माण गर्न जानेको, अरुले निर्माण गरेको तथा बजारमा तयारी अवस्थामा पाइने विभिन्न कम्पनीका शास्त्रीय वा पेटेण्ट औषधीहरु, प्रयोगमा नल्याई आफै जडिबुटीबाट औषधी निर्माण गरी उपचार सेवा प्रवाह गरेको हुनुपर्ने ,

(ङ) विज्ञापन दिएर आफ्नो वा आफुले गर्ने सेवा वा व्यवसायको प्रचार-प्रसार गर्न पाइनेछैन,

(च) आफ्नो ज्ञान,सीप,प्रविधि वा मौलिक पाण्डुलिपी भएमा सोको प्रमाणिकरण, संरक्षण, सम्वर्द्धन वा छपाइको लागि गाउँपालिकासँग सम्पर्क र समन्वय गर्नुपर्नेछ ।

**१०. परम्परागत उपचारकले देहाय बमोजिम अभिलेख राख्नुपर्नेछः** (१) परम्परागत उपचारकले सेवा प्रदान गर्ने सेवाहरुको र सेवाग्राहीहरुको विस्तृत विवरणको अभिलेख अनुसूची-३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

(२) उक्त विवरण मासिक रुपमा गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**११. परम्परागत उपचारकको अभिलेख राख्नु पर्नेः** परम्परागत उपचारकबाट प्राप्त निवेदन उपर आवश्यक छानविन तथा आवश्यक कारवाही गरी सम्बन्धित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था वा आयुर्वेद औषधालय वा आयुर्वेद स्वास्त्य संस्था नभएको खण्डमा गाउँपालिकाले सूचिकृत गरी सोको अभिलेख अनुसूची-४ बमोजिम राख्नुपर्नेछ ।

**१२. सेवाको पारदर्शिताः**परम्परागत उपचारकले आफ्नो सेवाको बारेमा स्पष्ट बुझिने गरी सम्पूर्ण सेवाग्राहीलाई जानकारी गराउनु पर्नेछ ।

**१३. कारवाहीः** सूचिकृत नभई स्वास्थ्य सेवा प्रदान गर्ने परम्परागत उपचारकलाई प्रचलित नेपाल कानुन बमोजिम कारवाही हुनेछ ।

**१४. अनुसूचीमा हेरफेर तथा थपघट गर्नसक्नेः** गाउँपालिकाले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**१५.व्याख्याः** यस मापदण्डमा उल्लेखित दफाहरुमा कुनै द्विविधा परेमा सोको व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

**अनुसूची-१**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

# <u>परम्परागत उपचारकको सूचिकृत फाराम</u>

व्यक्तिगत जानकारीः

पासपोर्ट साइजको फोटो

नाम थरः लिङ्गः

जम्म मितिः वि.सं. बर्षः

सम्पर्क नं.: ईमेलः

जिल्लाः गाउँपालिकाः वडा नं.

गाउँ/टोलः प्रदेशः

बाबुको नामः

ठेगानाः

पेशाः

बाजेको नामः

ठेगानाः

पेशाः

शिक्षाः

साक्षर/प्राथमिक/माध्यमिक/उच्च खुलाउने अन्य

कसरी ज्ञान आर्जन गर्नुभयो?:

बाबु/बाजेः (नाम)

गुरुबाटः (नाम ठेगाना)

स्वयम् (नाम ठेगाना)

अन्यः

सिकेको अवधिः

काम गर्न शुरु गर्दाको उमेरः

अनुभव अवधिः

आफ्नो दक्षताः (Skill/Knowledge)को क्षेत्र/विषय (धेरैमा ५ वटा सम्म)

१.
२.
३.
४.
५.

घोषणाः माथिको उल्लेखित कुरा मेरो ज्ञान र होस हवासमा ठिक छ ।

नामः ठेगानाः

दस्तखतः औठाको छापः मितिः

| दाँया | बाँया |
| --- | --- |
| | |

पेश गर्नुपर्ने कागज/प्रमाणहरुः

1. पासपोर्ट साइजको फोटो
2. सबै कागतजातहरु निवेदन फारामसँगै संलग्न गर्नुपर्नेछ (साथै सक्कल देखाउनु पर्नेछ)

**अनुसूची-२**

**(दफा ८ को खण्ड (ख) सँग सम्बन्धित)**

## परम्परागत उपचारकको सिफारिस पत्र

................................................ का नाति/नातिनी ....................................... का छोरा/छोरी .......................... गा.पा. ...... वडा नं. बस्ने ....... वर्षका श्री/श्रीमती/सुश्री .................................. वंश परम्परा/गुरु शिष्य परम्परा अनुसार ज्ञान हासिल गरी ................................................ (परम्परागत उपचारकको प्रकार खुलाउने) ....... वर्ष देखि स्थानीय रुपमा परम्परागत उपचारकको कार्य गरिरहेको व्यहोरा प्रमाणित गरिन्छ ।

सिफारिश गर्नेः

वडा अध्यक्षको नामः

दस्तखतः

कार्यालयको छाप

**अनुसूची-३**

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

## घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**जोमसोम, मुस्ताङ**

<u>परम्परागत उपचारकको सूचिकृत-पत्र</u>

प.सं.:

च.नं.: मितिः.......................

श्री (सम्बन्धित परम्परागत उपचारकको नाम) ..................................................... परम्परागत उपचारकको सूचीकरण सम्बन्धी मापदण्ड, २०७९ को दफा ८ को उपदफा (२) बमोजिम ................. साल ................. महिना ...... गतेमा यस कार्यालयमा ..................... परम्परागत उपचारकमा सुचिकृत गरी यो पत्र प्रदान गरिएको छ, परम्परागत उपचारकको सूचीकरण सम्बन्धि मापदण्ड, २०७९ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

दस्तखतः

नाम, थरः

पदः

**नवीकरण सम्बन्धी विवरण**

| क्र.सं. | आर्थिक वर्ष | नवीककरण गरेको मिति | कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं. | रसिदको मिति | नवीकरण गर्नेको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-४

## (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## परम्परागत उपचारकले सेवा प्रदान गर्ने सेवाहरुको अभिलेख राख्ने अनुसूची

| सि.नं. | सेवाग्राहीको नाम थर | ठेगाना | सम्पर्क नं. | लक्षणहरु/रोग निदान | उपचार विधि/ किसिम | प्रदान गरिएको सेवा/उपचारमा प्रयुक्त जडिबुटी वा साधन स्रोत | उपचार अवधि | बुवाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची-५

## (दफा ११ सँग सम्बन्धित)

## परम्परागत उपचारकको सूचिकरण फाराम

| सि.नं. | नाम थर | उमेर/लिङ्ग | ठेगाना | सम्पर्क नं. | बुवाको नाम थर | बाजेको नाम थर | परम्परागत उपचारकको किसिम | उपचारमा संलग्न भएको अवधि | उपचार गर्ने रोगहरु | उपचारमा प्रयुक्त जडिबुटी वा साधन स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

आज्ञाले

नामः गौरी प्रसाद आचार्य

**प्रमुख प्रशासकीय अधिकृत**

मितिः २०७९/०३/२४